नेपाल शिक्षक महासंघ
जिल्ला समिति सङ्खुवासभा

श्री मान प्रमुख ज्यू,
जिल्ला प्रसाशन कार्यालय
शिक्षा विकास तथा समन्वय एकाइ
सङ्खुवासभा, खाँदबारी ।

विषय : माग पत्र सम्बन्धमा ।

नेपाल शिक्षक महासंघ नेपाली शिक्षकहरुको साझा छाता संगठन हो । २०७१ सालमा स्थापना भई नेपालको शिक्षा क्षेत्रको उन्नति, प्रगति र विकास साथ साथै शिक्षकहरुका पेशागत विकासका लागि यस संस्थाले निरन्तर रुपमा सरकारलाई सहयोग गरिरहेको र आवश्यक परेको बेला घच्घच्याईरहेको हो । देशमा भएका २०३६,०४७, ०६२/०६३ का राजनैतिक आन्दोलनहरुको सफलताका लागि समेत नेपाली शिक्षकहरुको निर्णायक भूमिका रहेको छ । राजनैतिक परिवर्तन पश्चात शिक्षा र शिक्षकका समस्याहरु समेत समाधान हुने आसमा बसेका हामी नेपाली शिक्षकहरुले शिक्षा र शिक्षण पेशासँग सम्बन्धित विविध समस्याहरु समाधान गर्नका लागि विगतमा पटक-पटक सरकार विरुद्ध आन्दोलन र संघर्ष गर्नु परेको तीतो यथार्थ समेत इतिहास साक्षी छ ।

२०७२ मा देशमा नयाँ संविधान बनी ०७४ मा देशमा स्थानीय तह प्रदेश र संघीय संसदको निर्वाचन समेत सम्पन्न भई सबै तहका सरकारहरुले आ-आफ्ना कार्यहरु सुरुवात गरिसकेको वर्तमान अवस्थामा कतिपय स्थानीय सरकारहरुले राज्यको संविधान र वर्तमान शिक्षा ऐन/नियमावली विपरीत शैक्षिक सुधारका नाममा विद्यालय र विद्यालय शिक्षक-कर्मचारीहरु माथि स्वेच्छाचारी ढंगले प्रस्तुत हुन थालेको नेपाल शिक्षक महासंघले महसुस गरेको छ । माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहको अधिकारक्षेत्र भित्र परेको भए पनि माध्यमिक तह सम्मका के के काम गर्ने भन्ने कुरा अझै पनि कुनै ऐन/नियमले व्यवस्था गर्न सकेको छैन अधिकांश स्थानीय तहहरुले कुनै ऐन/नियमावली समेत बनाउन सकेको अवस्था छैन । स्थानीय ऐन/नियमावली समेत संघीय र प्रदेश ऐन/नियमावली सँग बाझिन नहुने कुरा संविधानले उल्लेख गरेको व्यहोरा स्मरण गराउन चाहान्छौं ।

यिनै अवस्थाहरुलाई मध्यनजर गरी नेपाल शिक्षक महासंघ राष्ट्रिय समिति द्वारा २०७५ वैशाख २५ गते अन्तिम पटक शिक्षा मन्त्रालयमा ध्यानाकर्षण पत्र प्रस्तुत गरिएकोमा हालसम्म सो बारेमा कुनै प्रकारको सुनुवाइ नभएको र कतिपय स्थानीय तहमा शिक्षक कर्मचारीहरु माथि अनाधिकृत ढंगले स्थानीय सरकारद्वारा मनोमानी र स्वेच्छाचारी किसिमले शैक्षिक आतंक सिर्जना गर्न थालेको हुनाले नेपाल शिक्षक महासंघ फेरी पनि आन्दोलनमा होमिन बाध्य भएका छौं ।

यसै शिलशिलामा नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष पेश गरेका मागहरु तथा नेपाल शिक्षक महासंघको अवधारणा पत्र समेत यसै साथ संलग्न गरी संखुवा सभा जिल्लाको हकमा तपशिल बमोजिमका समसामयिक शैक्षिक सवालहरु

यथाशीघ्र कार्यान्वयन गर्नका निमित्त जोडदार माग गर्दै शिक्षा विकास तथा समन्वय इकाइ संखुवासभा समक्ष यो ज्ञापन पत्र पेश गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल :

१. विगतमा शिक्षा समितिको बैठक र कार्यदल समेतको बैठकको निर्णयबाट पारित भएका निर्माण मर्मत, लगायतका कोटाहरुको रकम यथासीघ्र निकासा गरियोस्,

२. निर्माण/मर्मत कार्य सम्पन्न भैसकेका योजनाहरुको तुरुन्त फरफारक दिइयोस साथै विद्यालयहरुका रोक्का गरिएका बैंक खातहरु तुरुन्त फुकुवा गरियोस,

३. निर्माणधिन भौतिक योजनाहरुको पारदर्शी अनुगमन/सुपरीवेक्षण गरी समयमानै निरुपण हुने व्यवस्था गरीयोस्,

४. गत वर्ष समेत वाल सहयोगी कार्यकर्ताहरुको १४ दिने तालिम, शिक्षकहरुको TPD तालिम लगायतका कार्यक्रमहरु समञ्चालन नभई वाल विकास सहयोगी कार्यकर्ताहरु र शिक्षकहरु वृत्ति विकासको अवसरबाट वञ्चित भएको र यस वर्ष समेत उक्त कार्यक्रमहरु फ्रिज हुने अवस्थामा रहेका हुँदाभ तुरुन्त उक्त कार्यक्रमहरु संचालन गरियोस्

५. संखुवा सभा जिल्ला समेत स्थानीय भत्ता पाउने (ग) वर्गको जिल्लामा सूचिकृत भएकोले शिक्षक कर्मचारीहरुले समेत स्थानीय भत्ता पाउनको लागि सम्वन्धित निकायमा पहल गरियोस्,

६. नयाँ STR कायम गरेर मात्र दरवन्दी मिलान गरियोस्,

७. शिक्षहरुले समेत निजामती कर्मचारी सरहको ग्रेड पाउने व्यवस्था सम्वन्धित निकायमा महल गरियोस् ।

२०७५/०१/२५

माननीय मन्त्रीज्यू

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

विषय:- ज्ञापन पत्र बारे ।

प्रस्तुत विषयमा नेपाल सरकार शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७४ साल चैत्र १६ गतेको निर्देशन अनुसार शिक्षक सेवा आयोगले गत २०७४ साल चैत्र २३ गते सञ्चालन हुने अस्थायी शिक्षकहरुको आन्तरिक परीक्षाको मिति स्थगित गरेको सन्दर्भ र अन्य पेशागत तथा शैक्षिक सवालमा नेपाल शिक्षक महासंघद्वारा मिति २०७४/१२/१८ गते नै ध्यानाकर्षण पत्र बुझाइएको व्यहोरा स्मरण गराउन चाहन्छु । नेपाल शिक्षक महासङ्घ नेपालको कानूनमा प्रबन्ध भएको सम्पूर्ण नेपाली शिक्षकहरुको पेशागत साझा संस्था रहेको सर्वविदित नै छ ।

विद्यालय शिक्षामा प्रत्यक्ष सरोकार राख्ने शिक्षक समुदायको वैधानिक संस्थाले जिम्मेवारीपूर्वक शिक्षामा देखिएका समस्याहरु समाधान गर्न र चुनौतिहरु सामना गर्न सुझाव सहित पेश गरेको ध्यानाकर्षण पत्रलाई वेवास्ता गर्नु सरकारको गैहजिम्मेवारीपन भएको नेपाल शिक्षक महासंघलाई अनुभूती भएको छ । शिक्षक महासंघले ध्यानाकर्षण पत्र दिएको एक महिना बितिसक्दा पनि सरकारले कुनै सकारात्मक कार्यको शुरुवात नगरेको हुँदा महासंघको मिति २०७५/०१/२२ गते बसेको बैठकमा गम्भिर छलफल भई निम्नानुसारका मुद्दाहरु सहितको ज्ञापन पत्र बुझाउने र नेशिमहासङ्घले उठाएका मुद्दाहरुको यथोचित सम्बोधन नभए चरणबद्ध प्रचारात्मक, असहयोगात्मक र अवरोधात्मक आन्दोलनका कार्यक्रम गर्ने निर्णय गएकोले निम्न मुद्दाहरुको सम्बोधन गर्न यो ज्ञापन पत्र बुझाइएको छ ।

१. शिक्षक सेवा आयोगलाई संवैधानिक आयोगको रुपमा गठन गर्ने,

२. सम्वैधानिक शिक्षा आयोग गठन गर्ने,

३. विद्यालय तहको शिक्षालाई तिनवटै तहको सरकारहरुको संयुक्त कार्यसुचीमा राख्र,

४. संविधानको धारा ३१ र धारा ३४ को प्रवन्धलाई कार्यान्वयन गर्नको लागि आवश्यक कानुनी प्रक्रिया अघि बढाउन,

संविधानको धारा ३१ र धारा ३४ को प्रवन्धलाई कार्यान्वयन गर्नको लागि आवश्यक कानुनी प्रक्रिया अघि बढाउन, अस्थायी शिक्षकहरुको आन्तरिक प्रतिस्पर्धा परीक्षाको मिति

५. मिति २०७३ साल चैत्र १९ गते विज्ञापन भई चार पटक स्थगित गरिएको अस्थायी शिक्षकहरुको आन्तरिक प्रतिस्पर्धा परीक्षाको मिति तत्काल सोही परीक्षा सञ्चालन गर,

दरवन्दीको २५% दरवैन्दीमा खुला

६. विद्यालय तहमा रिक्त रहन गएको सम्पूर्ण शिक्षक दरवन्दी र आन्तरिक परीक्षा हुने दरवन्दीको २५% दरवैन्दीमा खुला विज्ञापन प्रकाशित गर्ने,

७. आफ्नो संगठनको नियमित बैठकमा सहभागी हुन धरान उपमहानगरपालिका, सुनसरीमा जम्मा भएका अखिल नेपाल शिक्षक संगठन, केन्द्रीय पदाधिकारी तथा उदयपुर जिल्ला अध्यक्षहरुलाई गैर कानूनी र अप्रजातान्त्रिक तरिकाले गिरफ्तार गरिएकोले निज बन्दी शिक्षकहरुलाई विना शर्त रिहाई गर्ने ,

८. पंचायतीकाल देखि नै राजनैतिक कारण तथा पछिल्लो अवधीमा द्वन्दको कारण अवकाशित शिक्षकहरुको पुनर्वहाली गर्ने,

९. शिक्षा मन्त्रालय र नेशिमहासङ्घ बीच विगतमा गठन भई कार्यान्वयनमा आएको शैक्षिक संवाद समन्वय समितिलाई सबै तहमा गठन गरी सकृय बनाउन,

१०. साविकको पूर्व प्राथमिक तहका तथा प्रारम्भिक बाल शिक्षा शिक्षकहरुको दरवन्दी सृजना गरी सेवा, सर्त र सुविधाकोसुनिश्चित गर्ने,

११. कम्तिमा एक दशक एउटै तह र श्रेणीमा कार्यरत शिक्षकहरुको सामुहिक पदोन्नती तथा शिक्षकहरुको तहगत बढुवाको प्रबन्ध गर्ने,

१२. तत्कालीन उच्च मा.वि.मा कार्यरत शिक्षकहरुको दरबन्दी प्रबन्ध गरी स्थायित्वको प्रक्रिया थालनी गर्ने,

१३. संस्थागत विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षकहरुको नियुक्ति प्रक्रिया, सेवा, शर्त र सुविधाको सम्बन्धमा भएको कानुनी प्रबन्धहरुको कृयान्वयत गर्न

१४. राष्ट्रियस्तरको दरबन्दी मिलान गरी शिक्षकको दरबन्दी वितरणलाई प्रभावकारी र न्यायोचित बनाउन,

१५. राहतमा कार्यरत शिक्षकहरुलाई यसै आर्थिक वर्षको बजेट मार्फत स्थायी दरबन्दीमा रुपान्तरण गरी उक्त पदमा कार्यरत शिक्षकहरुको स्थायित्वको लागि प्रक्रिया अगाडि बढाउन,

१६. सरकारी अनुदानबाट तलब पाउने अस्थायी, राहत, ईसिडी, तत्कालिन उमाविका शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई पोशाकभत्ता तथा दूर्गम क्षेत्रमा कार्यरत शिक्षकहरुको स्थानीय भत्ता तथा थप पोशाक भत्ताको लागि यसै आर्थिक वर्षको बजेटबाट प्रबन्ध गर्न,

१७. अनुमति प्राप्त गरी जनस्तरबाट संचालित सामुदायिक माध्यमिक विद्यालयहरु र सामुदायिक विदयालयमा संचालित प्राविधिकलाई स्वीकृती प्रदान गरी भौतिक सुधार, शिक्षक दरबन्दी कायम गरी शिक्षकहरुको बृत्ती विकासको सुनिश्चितता संघिय तहबाटै गर्न,

१८. सबै विद्यालयहरुमा आवश्यक कर्मचारी दरबन्दी सृजना गरी कार्यरत कर्मचारीहरुको सेवा, सर्त र सुविधाको सुनिश्चितता गर्ने,

१९. संघिय शिक्षा ऐनको मस्यौदामा बृहत छलफल गर्न तथा नेशिमहासङ्घद्वारा आयोगमा पेश गरिएका सुझावहरु समावेश गर्न,

२०. विद्यालय शिक्षक-कर्मचारीको तलबभत्ता वृद्धि गरी मासिक उपलब्ध गराउन,

२१. विद्यालय तहको शिक्षा व्यवस्थापनका नाममा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय तहको अनावश्यक हस्तक्षेप बन्द गर्न,

२२. नमुना विद्यालयको नाममा पहुँचवाला सीमित विद्यालयहरुलाई मनपरी तरिकाले बजेट विनियोजन गर्ने सरकारको पक्षपातपूर्ण कार्य तत्काल रोकी आवश्यकता र प्रभावकारिताका आधारमा सबै विद्यालयहरुलाई नमुना विद्यालय बनाउने दिशामा अघि बढाउन तथा

२३. साथै, नेपाल सरकारले विश्व शैक्षिक मञ्चहरुमा र सबै राजनैतिक दलहरुले जनस्तरमा गरेका प्रतिबध्दता अनुरुप शिक्षाक्षेत्रमा वार्षिक बजेटको २०% र कूल गार्हस्थ उत्पादनको ४% बिनियोजन सुनिश्चित गर्न यो ज्ञापन पत्र पेश गरिएको छ ।

नेपालको शिक्षा तथा शिक्षकको पेशागत बृत्ती विकासमा नेपाली शिक्षकका पेशागत संघ-संस्थाहरुले विगतमा गरेका वलिदानीपूर्ण आन्दोलनहरुको महत्वपूर्ण योगदान रहेको छ । अहिले देश सम्वृद्धिको बाटोमा अघि बढ्ने अठोट लिईरहेको समयमा शिक्षा क्षेत्रमा देखिएका समस्याहरु सम्बोधन गरिनु पर्दछ तर सरकार नेपाल शिक्षक महासंघले उठाएका मागहरुलाई बेवास्ता गर्दै अघि बढिरहेकोले शिक्षक समुदायलाई आन्दोलन गर्न बाध्य पारी रहेको छ । नेपाल शिक्षक महासंघले उठाएका मागहरु जायज भएकोले पुरा गर्न हार्दिक अनुरोध गरिन्छ । अन्यथा नेपाल शिक्षक महासंघ चरणबद्ध आन्दोलन गर्न बाध्य हुने छ र आन्दोलनबाट हुने सम्पूर्ण क्षतिको जिम्मेवार सरकार स्वयम हुनेछ ।

बाबुराम थापा
अध्यक्ष

का.जि.प्र.का. द.नं. : ०२/०६०

"अधिकार र कर्तव्यका लागि शिक्षक एकता"
(Teachers' Unity for Right and Responsibility)

# नेपाल शिक्षक महासङ्घ

## राष्ट्रिय समिति

केशरमहल, काठमाडौं

प.सं.

च.नं.

मिति:
२०७५-०२-०६

नेपाल शिक्षक महासङ्घद्वारा घोषित आन्दोलनका कार्यक्रमहरु

नेपाल सरकार र नेपाल शिक्षक महासङ्घ बीच विगतमा पटक पटक गरिएका सहमति सम्झौताहरु कार्यान्वयन नभएका कारण तत्कालिन जिल्ला शिक्षा कार्यलय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालय हुदै सम्माननीय प्रधानमन्त्री समक्ष ध्यानाकर्षण पत्र, ज्ञापन पत्र, असहमति पत्र, विरोध पत्र प्रस्तुत गर्ने क्रममा २०७५ साल बैशाख २९ गते अन्तिम पटक शिक्षा मन्त्रालयमा ध्यानाकर्षण पत्र प्रस्तुत गरिएमा हालसम्म कुनै पनि सुनुवाई नभएकोले र स्थानीय तहमा शिक्षक कर्मचारीहरु माथि अनधिकृत ढंगले स्थानीय सरकारद्वारा मनोमानी ढंगले शैक्षिक आतंक सृजना गरेको हुनाले हामी आन्दोलन घोषणा गर्न बाध्य भएका छौ ।

प्रथम चरणमा प्रचारात्मक तथा पक्षिकरण गर्न निम्नानुसार आन्दोलनका कार्यक्रमहरु घोषणा गरिन्छ:

१. मिति २०७५ साल जेठ १३ गते राष्ट्रिय समितिद्वारा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष माग-पत्र सहितको विरोध पत्र दिने र सोहि दिन ७७ वटै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईमा माग-पत्र सहितको विरोध पत्र दिने,
२. मिति २०७५ साल जेठ २० गते सबै स्थानीय तहमा माग पत्र सहितको विरोध पत्र दिने,
३. मिति २०७५ साल जेठ २२ गते देखि २८ गते भित्र प्रदेश भेला र अन्तरक्रिया कार्यक्रम गर्ने

माथि उल्लेखित अवधिसम्म नेपाल शिक्षक महासङ्घले उठाएका मागहरु सम्बोधन नगरिएमा मिति २०७५ साल असार १-३ गते बस्ने राष्ट्रिय समितिको बैठकबाट दोस्रो चरणकको आन्दोलन कार्यक्रम घोषणा गर्ने छ ।

L-K- Subedi
(लक्ष्मिकिशोर सुवेदी)
महासचिव .

(बाबुराम थापा)
अध्यक्ष

# नेपाल शिक्षक महासङ्घको अवधाराण-पत्र

नेपाल शिक्षक महासङ्घ सबै नेपाली शिक्षकहरुको समान आस्था र विश्वासको छाता सङ्गठन हो ।नेपाली शिक्षकहरुको तागतमा विभाजन हुँदा भएको असजिला र कमी कमजोरीहरुलाई वोध गर्दै २०७१ सालमा सबै नेपाली शिक्षकहरु नेपाल शिक्षक महासङ्घको छाता मुनि गोलबन्द भई अघि बढीरहेको कुरा सर्व विदितै छ ।.नेपाल भरिका शिक्षकका १४ वटा संस्थाहरुको संस्थागत संयोजनबाट नेपाल शिक्षक महासङ्घ बनेको छ ।नयाँ विश्व परिवेश अनुसार शिक्षा क्षेत्रको समुचित विकास र नेपाली शिक्षकको पेसागत स्वभिमान , हक ,हितको रक्षा..र मर्यादाको निर्माण नै यसको लक्ष्य हो ।शिक्षाको विकास नै कुनै पनि देशको विकास र सम्मृद्धिको आधार शिला हो । शिक्षाको उचित विकास र व्यवस्था विना देशको विकास र सम्बृद्धि केवल कल्पना मात्र हुन्छ । आजको बदलिंदो विश्व परिवेशमा शिक्षित जनशक्ति नै देशको सर्वाधिक महत्वपूर्ण पूँजी हो । देशको विकास र उन्नति, मुख्य आधारशिलाकोरुपमा शिक्षा रहे पनि हाम्रो देशमा शिक्षा क्षेत्र सदैव राज्यको उपेक्षा र दाताको परीक्षण को थलो बनेको स्थितिमा छ । शिक्षाको समुचित विकास मार्फत् मात्र देशको उन्नति र विकास हुने सत्यलाई आत्मसात गर्दै नेपाली शिक्षकहरुले देशको शिक्षाको विकास र शिक्षकको पेसागत हित र सुरक्षाको पक्षमा निरन्तर आवाज बुलन्द गर्दै आइ रहेकको कुरा विदितै छ ।

शिक्षा क्षेत्र र नेपाली शिक्षकले वेहोर्नु परेको समस्याहरु निराकरण गर्नेक्रममा विगतमा धेै पटक ठूला ठूला आन्दोलन सम्पन्न गरी महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको गौरवपूण इतिहास पनि हामीसँग छ । तर पछिल्लो समयमा नेपाली शिक्षकहरुले गरेको न्यायोचित माग सम्बोधन गर्न समेत राज्य पक्षले सदैव अनिच्छुक रहने तथा शिक्षा र शिक्षकका समस्याबाट भाग्ने र आलटाल गर्ने राणनीति लिएको देखिन्छ । त्यति मात्र होइन, राज्यक जिम्मेवार निकाय र व्यक्तिहरुको उपस्थिति र संलग्नतामा भएका सम्झौताहरु पालना गर्न न्युनतम कर्तव्यबाट समेत राज्य च्यूत हुँदै आएको छ । अझ शिक्षा र शिक्षकका सवालमा त राज्य पक्ष आफैले बनाएको ऐन र नियमावलीले गरेका व्यवस्थाहरु लागू र पालना गर समेत गैर जिम्मेवार देखिने गरेको तीतो यथार्थ हाम्रा सामु रहेको छ । ऐतिहासिक दोस्र जन आन्दोलन सम्पन्न भई देशमा जन चाहना बमोजिम् सङ्घीय लोकतान्त्रि गणतन्त्रात्मक राज्य व्यवस्थाको अभ्यासमा हामी जुटिरहेका छौं । तीनै तहको निर्वाच सम्पन्न भए पश्चात् ती सबै तहमा सरकारहरु स्थापना भई सक्रियतापूर्वक कामको थालन गरी सकेका छन् । जनताबाट पूर्ण वहुमत प्राप्त सङघीय सरकार सक्रिय बनी सकेको छ यही प्ररिवेशलाई मध्यनजर गर्दै बिगतमा शिक्षकहरुसँग भएका सम्झौता तथा शिक्षा ऐन गरेका व्यवस्थाहरुको कार्यान्वयन अविलंम्व थालनी गरी शिक्षा क्षेत्र र शिक्षकका समस्

समाधान गर्न हामी सरकार समक्ष हार्दिक आग्रह गर्दछौं । यसै सन्दर्भमा २०७४ चैत्र १८ गते नेपाल सरकारका शिक्षा मन्त्री तथा प्रधानमन्त्री समक्ष हामीले ध्यानाकर्षण पत्र बुझाइ सकेका छौं । नेपाल शिक्षक महासङघले पेश गरेको ध्यानाकर्षण पत्रमा उल्लेख भए बमोजिमका सबै मुद्दाहरु अविलम्व सम्बोधन गर्न हामी सङ्घीय सरकारसमक्ष हार्दिक अपील गर्दछौं अन्यथा नेपाली शिक्षकहरु आन्दोलन मा जान वाध्य हुने र यसबाट सिर्जना हुने गम्भीर परिणामको जवाफदेही नेपाल सरकार नै रहने कुरा समेत हामी जानकारी गराउन चाहन्छौं । साथै हाम्रा यी उचित माग तथा समसामयिक मुद्दाहरु सम्बोधन गर्न गराउन राज्यपक्ष समक्ष दवाव निर्माण तथा पक्षीकरण गरी दिनु हुनका लागि हामी यहाँ उपस्थित राजनैतिक दलका प्रतिनिधिहरु, माननीय साँसदहरु, सामाजिक अभियन्ताहरु, मानव अधिकार अभियन्ताहरु , आम अभिभावकहरु, विद्यार्थी तथा सबै सरोकार पक्षसँग हार्दिक अपील गर्दछौं । हाम्रा माग तथा मुद्दाहरु निम्न वमोजिम रहेका छन्.।-

१. विज्ञापन गरी बारम्बार स्थगित गरिएको अस्थायी शिक्षकलाई स्थायी गर्न ऐनमा व्यवस्था भए वमोजिमको आन्तरिक परीक्षाको मिति तोकी अविलम्व परीक्षा लिइयोस् ।

२.सङ्घीय तथा प्रादेशिक शिक्षा ऐन नबनीसकेको र मौजुदा शिक्षा ऐन र नियमावली क्रियशील रही रहेका अवस्थामा स्थानिय तहको अधिकार सूचीकारुपमा सङ्घीय मामिला मन्त्रालयबाट प्रतप्त अधिकारसूचीको प्रयोगबाट शिक्षकहरु आतङ्कित छन् । स्थानिय तहबाट आफू खुशी कार्यविधि, नियमावलीतथा ऐन बनाई कार्यान्वित गर्न समेत थालिएको छ । सङ्घीय तथा प्रादेशिक शिक्षा ऐनमा आधारित भएर बन्नु पर्ने स्थानिय तहको ऐन सङ्घीय तथा प्रादेशिक शिक्षा ऐनभन्दा अघि बन्नु र बनाइनु सर्वथा अनुचित र संविधानको मर्म विपरित कार्य हो । त्यसैले सङ्घीय तथा प्रादेशिक शिक्षा ऐन नबनेसम्म यस्ता ऐन तथा कानुन बनाउने र जारी गर्ने कार्य अविलम्व रोक्न स्थानिय तहलाई कडा निर्देशन दिइयोस् ।

३. जथाभावी ऐन , निर्देशिका वा कार्यविधि बनाइ स्थानिय तहले प्रधानाध्यापक , शिक्षक तथा विद्यालय कर्मचारीहरुको नियुक्ति, सरुवा तथा बर्खास्तगी गरी आम शिक्षक र विद्यालय कर्मचारीहरुमा आतङ्क सिर्जना गरेको थुप्रै घट्नाहरु सार्वजनिक भइ रहेका छन् । हामी यस्ता ज्यादती र जोर जवर्जस्तीको घोर भर्त्सना गर्दछौं । अहिलेको अवस्थामा यस्ता अवैधानिक कार्यहरु अविलम्व बन्द गर्न स्थानिय तहलाई कडा निर्देशन जारी गरियोस् ।

४.सङ्घीय शिक्षा कानुनमा शिक्षकका सरोकारका निम्न विषयहरुलाई निम्न वमोजिम् सम्बोधन गरियोस् ।

क) शिक्षकको तलव भत्ताको निर्धारण र त्यसको सबै दायित्व र जिम्मेवारी सङ्घीय सरकारका हुने ।

ख)शिक्षकको सेवा शर्त र सुविधाका सम्बन्धमा राष्ट्रिय मापदण्ड बनाइनु पर्ने र त्यो अधिकार र दायित्व सङ्घीय सरकारमा हुने । प्रदेश र स्थानिय सरकारले त्यो परिवर्तन गर्न नसक्ने ।

ग)सेवा निवृत्त शिक्षकको पेन्सन, उपादन र औषधी उपचार खर्चका दायित्व सङ्घीय सरकारको हुने ।

घ)पाठ्यक्रम राष्ट्रिय स्तरमा निर्माण हुने र सो अधिकार सङ्घीय सरकारमा रहने ।

ङ) शिक्षक काउन्सिलको व्यवस्था गर्ने ।

५. विद्यालय कर्मचारी तथा बालकक्षाका शिक्षकको दरबन्दी सिर्जना गरी उचित पारिश्रमिकको व्यवस्था गरयोस् । साथै तिनको सेवा , शर्त र सुविधाको उचित प्रबन्ध गर्दै सेवाको स्थायित्वका लागि आवश्यक प्रक्रिया आरम्भ गरियोस् । सङ्घीय ऐन तथा कानुनमा विद्यालय कर्मचारी बारे गरिने प्रवन्धको निर्क्योल नहुञ्जेल विद्यालय कर्मचारीलाई सेवा बाट अवकाश दिन बन्द गरियोस् ।

६. कम्तीमा दश वर्ष एउटै तह र श्रेणीमा कार्यरत शिक्षकहरुलाई सामुहिक पदोन्नतिको व्यवस्था होस् ।

७.राहत शिक्षक दरबन्दीलाई स्थायी दरबन्दीमा रुपान्तर गरी उक्त दरबन्दीमा कार्यरत शिक्षकहरुको स्थायित्वका लागि प्रक्रिया अघि बढाइयोस् ।

८.तात्कालीन उच्च मा.वि. मा कार्यरत शिक्षकहरुको दरबन्दीको प्रबन्ध गरी स्थायित्वको प्रक्रिया आरम्भ गरियोस् ।

९.सङ्घीय, प्रदेश र स्थानिय कानुन बन्दा शिक्षा सरोकारका सबै आयोग, परिषद , काउन्सिल तथा समितिहरुमा सम्बन्धित तहको ने.शि. महासङ्घको प्रतिनिधित्वको अनिवार्य व्यवस्था होस् ।

१०. शिक्षकको सहज र सुलभ उपचारको प्रवन्ध गर्न प्रादेशिक स्तरमा शिक्षक अस्पतालको व्यवस्था होस् । उक्त व्यवस्था नहुञ्जेल हाल सञ्चालनमा रहेका प्रहरी, सेना तथा सबै सरकारी अस्पतालमा सुलभ उपचारको विशेष प्रवन्ध गरियोस् ।

११.सरकारी अनुदान प्राप्त सबै शिक्षक ( अस्थायी, राहत , बालकक्षा शिक्षक , तात्कालीन उच्च मा.वि.) र विद्यालय कर्मचारी समेत सबैलाई पोशाकको सुविधा उपलब्ध होस् । साथै दुर्गम क्षेत्रमा कार्यरत विद्यालय कर्मीका लागि पनि निजामती कर्मचारी सरह पोशाकै खर्च र अन्य सुविधा उपलब्ध गराइयोस् ।

१२.संस्थागत विद्यालयमा कार्यरत शिक्षकको नियुक्ति , सेवा र शर्त पारदर्शी गराएर सामुदायिक विद्यालयका शिक्षक सरह सुविधाको प्रवन्ध गर्ने व्यवस्था कार्यान्वयन गरियोस् ।

१३.आवश्यकता अनुसार कक्षागत र विषयगत दबरन्दी सिर्जना गरी राष्ट्रिय स्तरमा दरबन्दी मिलान गरियोस् ।

१४. शिक्षक तथा विद्यालय कर्मचारीको समय सापेक्ष तलब वृद्धि गरियोस् र मासिक रुपमा तलब प्राप्त गर्ने प्रबन्ध गरियोस् ।

१५. प्राविधिक धारमा कार्यरत विद्यालय शिक्षकको दरबन्दी सिर्जना गरी सेवा शर्त र सुविधाको सुनिश्चिती गरियोस् ।

१६.राजनैतिक तथा द्वन्दका कारण सेवाबाट विस्थापित शिक्षकको वेदनिधि निराला आयोग देखि पछिल्लो समय गठित द्वन्द पीडित शिक्षक कर्मचारी व्यवस्थापन जाँचबुझ समितिको प्रतितवेदन सम्मका प्रतिवेदन र सुझावहरु तत्काल कार्यान्ववन गरियोस् ।

१७.विगतमा शिक्षा मन्त्रलाय र ने.शि. महासङ्घ बीच सम्वादका लागि केन्दीय तहमा गठित शैक्षिक संवाद समिति क्रियाशील गरियोस् र त्यस्तै समिति प्रदेश, जिल्ला तथा गाउँ/नगर पालिकामा समेत गठन गरियोस् ।

१८. नमूना विद्यालय स्वीकृती र बजेट विनियोजनमा पक्षपातपूर्ण तथा अपारदर्शी व्यवहार बन्द गरी औचित्य र प्रभावकारिताका आधारमा नमूना विद्यालय छनौट र स्वीकृत गरियोस् ।

१९. गुणस्तरीय शिक्षाका लागि विश्व शैक्षिक मञ्च र दलहरुका घोषणा पत्रमा प्रकट भएका प्रतिबद्धता अनुसार शिक्षा क्षेत्रका लागि कूल बजेटको २०% र कूल गार्हस्थ उत्पादन को ४% रकम विनियोजन गरियोस् ।

२०.विद्यालय शिक्षाको सुधार तथा विकासका लागि संविधानमा निम्न वमोजिम व्यवस्था गरियोस् ।

क) शिक्षक सेवा आयोगलाई संवैधानिक स्तरको बनाउने ।

ख) संवैधानिक शिक्षा आयोग गठन गर्ने ।

ग) विद्यालय तहको शिक्षालाई सङ्घ, प्रदेश र स्थानिय तहको साझा अधिकारको कार्यसूचीमा राख्ने ।

२१.विगतमा शिक्षकका संस्था र सरकार बीच भएका सबै सहमती र सम्झौताहरु लागू गरियोस् ।

L.K. Subedi

लक्ष्मीकिशोर सुवेदी

महासचिव

बाबुराम थापा

अध्यक्ष